## सुविधा वञ्चित समूह

**संस्थाः** ताङ्वे समाज सेवा

यस जाति लोपोन्मुख जाती भित्र पर्दछ । ताङ्वे जाती हालको मुस्ताङ जिल्लाको तत्कालिन छुसाङ गाउ विकास समिति र हाल आएर बाह्रगाउँ गाउँपालिकामा रहेको ताङ्वे तत्कालिन गा.वि.स.को वार्ड नं. १ र २ मा मुख्य बसोबास रहेको ठाउलाई ताङ्वे गाउ" भनिन्छ । यस गाउँको नाम ताङ्वे जातिको नामबाट नामाकरण भएको मानिन्छ । यस गाउ" मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोमबाट करिब १५ कि.मी. टाढा र समुद्र सतहदेखि ३०१७ मी को उचाईमा अवस्थित रहेको छ । २०७४ साल पुस सम्ममा यस जातिको जनसंख्या ६२४ रहेको छ , जसमा ३१२ पुरुष र ३१२ महिला छन् । ताङ्वे गाउँमा २०१९ सालमा दावा दोर्जे र ढाक्पा लामाको पहलमा प्राथमिक तह सम्मको विद्यालय खोलेको र छोरा/छोरी दुवैले अनिवार्य रुपमा कक्षा ५ सम्म पढ्नै पर्ने स्कूल नपढेको खण्डमा जरिवाना तिर्नु पर्ने नियम बनाई बालबच्चा (महिला/पुरुष) सबैले स्कूल पढेका थिए । ताङ्वे गाउँमा ३५ घर धुरी रहेको र यस जाती भित्र १९ थरउपथर रहेको छ ।

९० साल देखि नै नगन्य रुपमा बसाई सराई गरेतापनि २०२१ साल पछि व्यापार गर्न तथा विविध कारणले ताङ्वे गाउँबाट जोमसोम, पोखरा, काठमाडौं तिर बसाई सराई गरी बसोबास गर्दै आएका छन् । जस मध्ये कास्कीको पोखरामा सबै भन्दा बढी करिब ३०० जना बसोबास गर्दै आएका छन् । ताङ्वे जातीको आफ्नैं मातृभाषा रहेको छ । जसलाई अन्य जातीहरुले ताङ्वे भाषा भनेता पनि ताङ्वे जाती आफैंले यसलाई शेर्के भाषा भन्ने गर्दछन् । यस जातिले बोल्ने शेर्के भाषा भोटवर्मेली भाषा परिवार अन्तर्गत पर्दछ । शेर्के भाषा अनुसार केही शब्द तामाङ , गुरुङ्ग र थकाली भाषा सँग मिल्ने बताउछन् ।

ताङ्वे जातीहरु धार्मिक रुपले बौद्ध मार्गी हुन् । उनीहरुको साकार बुद्ध धर्मको विधि अनुसार लामाद्धारा सम्पन्न गर्ने गर्दछन् । यस जातिको आफ्नै मौलिक उत्पादन प्रणाली संस्कृति, आस्था र विश्वास रहेको छ । यस जातीलाई बाह्रगाउले , ल्होपा र गुरुङ्गले तैप भन्दछन् भने तीन गाउले थकाली, मार्फा थकालीहरुले भने ताङतेन भन्दछन् । आफ्नै संस्कृति, संस्कार, परम्परा, आस्था र विश्वास सामुहिक भावना, सामाजिक कर्तव्य आदि जस्ता विशेषताहरु रहेका छन् । जसले गर्दा उनीहरु छुट्टै आदिवासी जनजाति हुन भन्ने चिनाउदछ ।

ताङ्वे जातीको उत्पतिको बारेमा हाल सम्म कुनै लिखित इतिहास पाइएको छैन । तिब्बती भाषामा ताङ्वेको अर्थ लखेटिएका जाती भन्ने अर्थ दिन्छ र ताङ लेखेटिएका वे. जाती तसर्थ यिनीहरुको पुर्खा तिब्बत तिरबाट आएको भन्ने बुझिन्छ । पहिलेको बाह्रगाउमा वर्तमान मुक्तीनाथ गाउ पञ्चायत कागबेनी गाउ पञ्चायत र धुजाङ र छुसाङ गाउ पञ्चायत पर्दछ भनेर यस जातीको गाउलाई बाह्रगाउ क्षेत्रभित्र समावेश गरेका छन् । यहाको मुख्य जाती तिब्बती मुलका भएता पनि संवत् १८४७ भन्दा अगाडि देखि नै यस क्षेत्रमा जुम्लाबाट विष्ट शाही र भण्डारी (भन्टा देवता मान्ने) आदि जाती आए्र बसोबास गरेको देखिन्छ ।

ताङ्वे जातीका बुद्धिजीवि, बुढापाका र समुदायका भनाई अनुसार ताङ्वे जातीहरु १६/१७ सय वर्ष भन्दा अघि हालको मनाङ जिल्लामा बसोबास गर्दथे त्यस बेला ताङ्वे जातीहरु अलि उपध्रो क्रियाकलापमा संग्लन हुने, घोडाको पुच्छरमा काँडा बाधि गाउभरि लखेटी दिने जस्ता क्रियाकलाप गर्ने भएकोले उक्त जिल्लाबाट यस जातीको क्रियाकलाप सहन नसकि लखेटेको भन्ने भनाई छ । त्यसैले मनाङमा यस जातिलाई तोङतेन भन्दछन् जसको शाब्दिक अर्थ भागेर वा हराएर गएको जाती भन्ने बुझाउछ । अझैं पनि मनाङमा यस जातीको बसोबास रहेको गाउको भग्नावशेष पाइछ । त्यस जिल्लाबाट भागेर वा छुसाङमा आई बस्ती बसालेको र उनीहरुकै जातीको नामबाट गाउको नामाकरण भएको भनाई रहेको छ ।

ताङ्वे जातिको मुख्य चाडपर्वहरुमा ल्होसार (छउ), धज्याङ (तारो खेल), थन्र्याङ, धेमाङ् (भेला हुने), यर्तोङ (घोडा जात्रा), फानिङ आदि हुन् । यिनीहरुको कुल देवता ४ किसिमको रहेको छ। फोलो, च्याप्चे, ढाङ्चपेमा, याक्चे स्यूङ्कर ।मुख्य देवता सामुहिक देवता जिउल्ह खः लाई मान्दछ भने मुख्य देवताका लागि पूजा गर्न च्याप्चे, ढाङ्चपेमा र याक्चे स्यूङकर मात्र योग्य हुन्छ, तर फोलो जातीलाई पूजारी लामा मानिदैंन र योग्य ठहरिदैंन । वाघ्यवादन र गीतमा ढोलक (धुम्च्याङ) र स्हयूंकर (बाजा र गीत)।